# स्थानीय राजपत्र

खण्ड १) गोल्जुङबेशी रसुवा, मिति २०८१/३/२० (अतिरिक्ताङ्क १७)

## भाग २

### आमाछोदिङमो गाउँपालिकाद्वारा प्रकाशित सूचना

नेपालको संविधान बमोजिम आमाछोदिङमो गाउँपालिकाले ज्येष्ठ नागरिक परिचय-पत्र वितरण कार्यविधि,२०८० बनाई सर्वसाधारण जनताको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## **ज्येष्ठ नागरिक परिचय-पत्र वितरण कार्यविधि,२०८०**

१. परिचयः

ज्येष्ठ नागरिकहरुलाई संरक्षण र सामाजिक सुरक्षा प्रदान गर्न तथा निजहरुमा रहेको ज्ञान, सिप, क्षमता र अनुभवको सदुपयोग गरी निजहरु प्रति श्रद्दा, आदर तथा सद्भाव अभिवृद्धि गर्नुका साथै राज्यद्वारा तोकिएको सेवा एबं सुविधाको उचित व्यवस्थापन गरी नेपालको संबिधानको अनुसूची ८ को क्र.सं १६ बमोजिम तथा स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम आमाछोदिङमो गाउँपालिकाले ज्येष्ठ नागरिक परिचयपत्र बितरण कार्यविधि तयार पारी लागु गरेको छ ।

आमाछोदिङमो स्थानीय राजपत्र

**खण्ड १) गोल्जुङबेशी रसुवा, भाग २ मिति २०८१/३/२० (अतिरिक्ताङ्क ३२)**

२. परिचयपत्र वितरणका आधार:

नेपालको संबिधानको धारा ४१ मा उल्लेख भए बमोजिम ज्येष्ठ नागरिकको हक, ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ अनुसार र स्थानीय सरकार संचालन ऐन  २०७४ को परिच्छेद ३ को धारा ११ को दफा २ अनुसार ज्येष्ठ नागरिकहरुलाई परिचयपत्र दिने व्यवस्था लगायत ज्येष्ठ नागरिक परिचयपत्र बितरणका आधार हुनेछन् ।

३. उदेश्य:

(क) ज्येष्ठ नागरिकहरुको पहिचान गर्ने र स्थानीय तह देखि नै ज्येष्ठ नागरिकहरुको लगत राख्ने । उक्त लगत राख्ने कार्यमा एकरुपताका लागि अनुसूची २ को ढाँचामा लगत राख्नु पर्नेछ ।

(ख) नेपालको संबिधान अनुसार प्रदत्त ज्येष्ठ नागरिकहरुको हक अधिकार सुनिश्चित गर्न र ज्येष्ठ नागरिकको बर्गिकरण अनुसार सार्बजनिक सवारी साधन, सार्बजनिक कार्य, स्वास्थ्य सेवा, धार्मिक तथा सार्बजनिक स्थलमा ज्येष्ठ नागरिकलाई आवश्यक सेवा सुबिधा र सहयोग सरल रुपमा प्रदान गर्ने ।

(ग) प्रचलित ऐन, नियम अनुसार ज्येष्ठ नागरिकहरुलाई सामाजिक सुरक्षा, न्याय, अधिकार र समानता प्रदान गरी निजहरूमा रहेको ज्ञान, सिप, क्षमता र अनुभवको सदुपयोग गरी विकास प्रक्रियामा सहभागी गराउने ।

४. लक्षित बर्ग: ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ ले परिभाषित गरे अनुसार साठी बर्ष उमेर पूरा गरेको सबै नेपाली नागरिकहरु ।

५. ज्येष्ठ नागरिकहरुको बर्गिकरण: ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १४ को उपनियम (१) बमोजिम ज्येष्ठ नागरिकहरुको बर्गिकरण देहाय बमोजिम गरिएको छ,

आमाछोदिङमो स्थानीय राजपत्र

**खण्ड १) गोल्जुङबेशी रसुवा, भाग २ मिति २०८१/३/२० (अतिरिक्ताङ्क ३२)**

(क) साठी वर्ष पुरा गरी सत्तरी वर्ष उमेर पुरा नगरेको ज्येष्ठ नागरिक ।

(ख) सत्तरी वर्ष उमेर पुरा गरेको बरिष्ठ ज्येष्ठ नागरिक ।

(ग) असहाय ज्येष्ठ नागरिक ।

(घ) अशक्त ज्येष्ठ नागरिक ।

(ङ) एकल ज्येष्ठ नागरिक ।

(च) ६. परिचयपत्र वितरणका मापदण्डः ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ बमोजिम साठी बर्ष उमेर पुगेको नेपाली नागरिकलाई मात्र ज्येष्ठ नागरिक परिचयपत्र प्रदान गर्न सकिनेछ ।

७. ज्येष्ठ नागरिकलाई परिचयपत्रको ढाँचाः ज्येष्ठ नागरिक परिचयपत्रको ढाँचा यस निर्देशिकाको अनुसूची १ बमोजिम हुनेछ । ज्येष्ठ नागरिक परिचयपत्रको आकार नेपाली नागरिकताको प्रमाणपत्रको आकार बराबर हुनेछ । उक्त परिचयपत्र एकातर्फ नेपाली भाषामा र पछाडी पट्टि अंग्रेजी भाषामा रुपान्तरण गरेको हुनेछ ।

८. परिचयपत्र वितरण प्रकृया : ज्येष्ठ नागरिक परिचयपत्र प्राप्त गर्न साठी वर्ष उमेर पुगेका ज्येष्ठ नागरिक स्वयं वा निजको संरक्षकले सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा वडा अध्यक्ष समक्ष निवेदन दिनुपर्नेछ ।

(क) निवेदनमा आफ्नो उमेर खुलेको नागरिकताको प्रमाणपत्र प्रतिलिपि र दुई प्रति अटो साईजको फोटो संलग्न हुनुपर्नेछ । यस प्रयोजनको लागि नागरिकताको प्रमाणपत्रलाई आधार मानिनेछ ।

(ख) ज्येष्ठ नागरिक परिचयपत्र प्रदान गर्ने अधिकारी स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको पदाधिकारी हुनेछ ।

आमाछोदिङमो स्थानीय राजपत्र

(ग) परिचयपत्र प्राप्त ज्येष्ठ नागरिकहरुको लगत अनुसूची २ बमोजिमको ढाँचामा गाउँपालिकाको कार्यालयमा राखी वार्षिक रुपमा प्रदेश र संघको सम्बन्धित मन्त्रालयमा जानकारी गराउनु पर्नेछ ।

(घ) ज्येष्ठ नागरिक परिचयपत्र को प्रतिलिपि लिन सम्बन्धित वडाको सिफारीस सहित आमाछोदिङमो गाउँपालिकामा निवेदन पेस गर्नुपर्नेछ ।

स्थानीय राजपत्र

अनुसूची १

आमाछोदिङमो गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, गोल्जुङबेशी, रसुवा

बागमती प्रदेश, नेपाल

ज्येष्ठ नागरिक परिचयपत्र

Senior Citizenship Card

क्र.सं

नाम थर :

ना.प्र.नं :

ठेगाना : *ज्येष्ठ नागरिक परिचय-पत्र*

वडा नं :  टोल/गाउँ :

सम्पर्क गर्नुपर्ने व्यक्तिको नाम थर :

सम्पर्क ठेगाना :

रक्त समूह :

रोग भए रोगको नाम:

सेवन गरिएको औषधिको नाम :

**प्रमाणित गर्ने अधिकृतको**

दस्तखत :

नाम थर:

पद:

कार्यालय:

कार्यालयको छाप

अनुसूची २

जिल्ला रसुवा, आमाछोदिङमो गाउँपालिका,

बागमती प्रदेश, नेपाल

जेष्ठ नागरिक परिचय पत्र वितरण अभिलेख

| सि.नं. | नाम थर | जन्म मिति | बुवा/आमाको नाम थर | बाजेको नाम थर | पति/पत्नीको नाम थर | संरक्षकको नाम थर | ना.प्र.प.नं र जारि मिति र जिल्ला | ज्येष्ठ नागरिक परिचय पत्र नं र जारि मिति र जिल्ला | कैफियत फोटो सहित |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

<u>तयार गर्ने</u>

नाम थर :

पदः

दस्तखतः

<u>प्रमाणित गर्ने</u>

नाम थरः

पदः

दस्तखतः

आमाछोदिङमो स्थानीय राजपत्र